नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/८१
चलानी नं :-

## जिल्ला प्रशासन कार्यालयबाट जारी सूचना !

२०८० सालको शुभ दिपावली (तिहार), नेपाल सम्वत र छठ लगायत चाडपर्वको उपलक्ष्यमा आपसी सद्भाव एवम् सौहार्दताका साथ मर्यादित तवरले मनाउनु हुन सम्पूर्ण जिल्लावासीहरूमा अनुरोध गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं। साथै, तपशिल बमोजिम गर्न गराउन हुन अनुरोध छ।

**तपशिलः**

१. भूइचम्पा, पटाका, आतिशबाजी जस्ता विष्फोटक र ज्वलनशील मालवस्तु/पदार्थको प्रयोगले आगलागी, धनजनमा क्षति हुनसक्ने सम्भावना हुने भएकोले त्यस्ता विष्फोटक पदार्थको ओसार पसार, खरिद बिक्रीमा पूर्णतः रोक लगाइएको व्यहोरा जानकारी गराउँदै यदि कोही कसैबाट यस किसिमका गैरकानूनी क्रियाकलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने।

२. तिहारमा देउसी, भैलोको कार्यक्रम बेलुका ९:०० बजेसम्म मात्र सञ्चालन गर्नुहुन।

३. तिहार, छठ लगायतका पर्वमा प्लाष्टिकजन्य फूल गुच्छा आयात, निर्यात, बिक्री वितरण वा भण्डारण नगर्नु नगराउनु हुन।

४. तिहार तथा छठ पर्वमा जुवा, तास, लंगुरबुर्जा खेल्ने खेलाउने कार्य कोही कसैबाट नगर्न नगराउन हुन।

५. मादक पदार्थ सेवन गरी हो-हल्ला, झै-झगडा गरी शान्ति सु-व्यवस्था खलबलाउने लगायतका गैर कानूनी गतिविधि भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्ने व्यहोरा जानकारी गराइन्छ।

मितिः २०८०।०७।२३ गते।

2080/06/23
.............................................
(लोकेन्द्र ज्ञवाली)
सहायक प्रमुख जिल्ला अधिकारी